# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकाय
रामपूर,चितवन,नेपाल

०५६-५९२१३१

मिति:२०७२।०७।३०

**पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकायको स्नातकोत्तर तथा विद्यावारिधी तहको विद्यार्थी भर्ना सम्बन्धि सुचना**

शैक्षिक वर्ष २०७२/२०७३ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगतका पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकाय रामपूर, चितवनमा संचालन गरिने स्नातकोत्तर तथा विद्यावारिधी तह अर्न्तगत निम्न विषयहरुमा भर्ना हूनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पूगेका इच्छूक व्यक्तिहरुले तोकिए अनूशारको सर्त पालना गरि तोकिएको समयमा दरखास्त दिनू हून सुचित गरिन्छ। विस्तृत जानकारीको लागि सम्बन्धित कार्यालयमा सम्पर्क राख्नूको साथै यस विश्वविद्यालयको वेभसाइट www.afu.edu.np वाट जानकारी लिन र आवेदन फारम समेत Down load गर्न सकिने छ।

**सर्म्पक टेलिफोन: ०५६ - ५९२१३१**

**आवेदन फारम लिने र बुझाउने ०७२ मंसिर २ गते देखि मंसिर २२ गते सम्म**

**प्रवेश परिक्षा:** एम.भि.एस्सी विषयको २०७२ मंसिर २५ गते विहान ११.०० बजे।
एम.एस्सी. मत्स्य विज्ञान विषयको २०७२ मंसिर २५ गते दिनको १:०० वजे ।
पशू विज्ञान विषयको २०७२ मंसिर २५ गते दिनको ३.०० बजे ।

**स्थान:** पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय डीनको कार्यलय
रामपुर, चितवन।

**नि.डीन**

कृषि तथा वन विज्ञान विश्वविद्यालय

**पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकाय**

रामपूर,चितवन,नेपाल

०५६-५९२१३१

मिति:२०७२।०७।२९

# पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकायको स्नातकोत्तर तथा विद्यावारिधी तहको विद्यार्थी भर्ना सम्बन्धि सुचना

शैक्षिक वर्ष २०७२/२०७३ का लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय अर्न्तगतका पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकाय रामपूर, चितवनमा संचालन गरिने स्नातकोत्तर तथा विद्यावारिधी तह अर्न्तगत निम्न विषयहरुमा भर्ना हूनका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पूगेका इच्छूक व्यक्तिहरुले निम्न अनूसारको सर्त पालना गर्ने गरी आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाण पत्रहरु र चारित्रिक प्रमाण पत्रका साथै नागरिकताको प्रमाण पत्रको प्रतिलिपि समेत र हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति सहित रितपुर्वकको आवदेन फारम भरी तोकिएको म्याद भित्र यस संकायको डीनको कार्यालयमा बूझाउनू हून सम्वन्धित सबैलाई सुचित गरिन्छ। अन्य विश्वविद्यालयबाट स्नातक तह उत्तिर्ण गर्ने विद्यार्थीहरुले Migration Certificate को हकमा भर्ना भै AFU मा नाम दर्ता गर्ने समयमा सक्कलै प्रति पेश गर्नूपर्नेछ । म्याद नाघि वा रित नपूगि प्राप्त हून आएको आवेदन फारम उपर कूनै कारवाहि गरिने छैन ।

<u>पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकाय</u>

**क) एम.एस्सी.पशू विज्ञान तहमा अध्यापन हूने विषयहरु र अधिकतम संख्या:**

**१.पशू उत्पादन तथा व्यबस्थापन (६)**

**२.पशू प्रजनन् (३)**

**३.पशू पोषण तथा चारा उत्पादन (९)**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

वि.एस्सी.(कृषि /पशू विज्ञान) वा वि.भि.एस्सी. फिसरीज एण्ड ए.एच तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हून् पर्नेछ ।

**ख)एम. एस्सी.फिसरीज (एक्वाकल्चर) ९**

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

वि.एस्सी.(कृषि/पशू विज्ञान) वा वि.भि.एस्सी एण्ड ए.एच. वा एम. एस्सी.(Zoology) मा इच्छाधिन Fisheries विषय वा वि.एस्सी. फिसरीजको परीक्षामा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको हूनूपर्नेछ ।

**ग) एम.भि.एस्सी तहमा अध्यापन हूने विषयहरु र अधिकतम संख्या:**

**क) मेडिसिन** (९)

**ख) माइक्रोवायोलोजी** (३)

**ग) फर्माकोलोजी** (३)

**घ) थेरियोजेनोलोजी** (६)

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

वि.भि.एस्सी. एण्ड ए.एच वा सो सरह तह कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको हूनूपर्नेछ ।

**१. आवेदन फाराम वितरण:** २०७२ मंसिर २ गते देखि मंसिर २२ गते सम्म सम्वन्धित डीनको कार्यालयबाट वितरण गरिनेछ । साथै यस विश्वविद्यालयको website: www.afu.edu.np बाट समेत download गर्न सकिनेछ । आवेदन फाराम र प्रवेश परीक्षा वापतको शूल्क फारम दर्ता गराउने समयमा बूझाउनू पर्नेछ । आबेदन दिन चाहने विद्यार्थीहरुले यस संकायको ने.बै.लि नारायणगढ शाखाको च.हि.नं. २४ - ११ - १५४४४ मा रकम जम्मा गरि सो को सक्कल भौचर वा यस संकायको लेखा शाखामा नगदी रसिद काटी आवेदनका साथ संलग्न गर्नूपर्नेछ।

**२.आवेदन फाराम बूझाउने** : २०७२ मंसिर २ गते देखि मंसिर २२ गते सांझ ४.०० बजे सम्म पशू विज्ञान, पशू चिकित्सा र मत्स्य विज्ञान संकायको डीन कार्यालयमा बूझाउनू पर्नेछ ।

**३.आवेदन फाराम वापतको शूल्क** रु. ५००। र प्रवेश परिक्षा वापतको शूल्क रु. १५००। लाग्ने छ ।

**४. प्रवेश परीक्षा** :

१. एम.भि.एस्सी विषयको २०७२ मंसिर २५ गते विहान ११.०० बजे।

२. एम.एस्सी. मत्स्य विज्ञान विषयको २०७२ मंसिर २५ गते दिनको १:०० वजे ।

३. पशू विज्ञान विषयको २०७२ मंसिर २५ गते दिनको ३.०० बजे ।

**५. भर्नाको आधार:** प्रवेश परीक्षालाई ९० (नब्बे) प्रतिशत र स्नातक तहमा प्राप्त गरेको प्राप्त अंकलाई १० प्रतिशत भार दिई तयार पारिएको Merit List अनूसार स्नातकोत्तर तहमा भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षामा ९० प्रश्नहरु हूनेछन् जसको लागि ७० मिनेट समय दिइनेछ ।

**घ) स्नातकोत्तर तह प्रवेश परिक्षाको लागि विषयगत प्रश्न भार (Subjectwise Weightage)**

**एम.एस्सी./पशू विज्ञान/तहका लागि-९०**

Animals Nutrition,fodder,Pasture,Range –15, LPM+Dairy–15, Animal Breeding -15 , Animal Health-4 , Aquaculture-3, Plant Science -10, Social Sciences (Agri.Economics+Agri. Extension)-15, Basic Sciences (Biochemistry +Statistics)-10, General Knowledge-3

**एम.एस्सी.फिसरीज (एक्वाकल्चर) तहका लागि - ९०**

Fisheries and aquaculture-50, Plant Science-10,Animal Science-10, Social Science(Agri.Economice+Agri.Extension)-10 ,Basic Science(Biochemistry+Statistics)-7,General Knowledge-3

**एम.भि.एस्सी. तहका लागि - ९०**

Medicine-10,Gynecology-10,Pathology-8,Parasitology-8,Pharmacology-8, Microbiology-8, Physiology-3,Surgery-5,Epidemiology and Public Health-5,Animal Science,(Nutrition, Forage, Pasture,Breeding,LPM,Aquaculture)-15, Basic Science (Biochemistry+Statistics) - 7, GK -3.

ङ) यसै शैक्षिक बर्षमा संचालन गरिने स्नातकोत्तर तहमा मेरीटको आधारमा विद्यार्थी भर्ना निर्धारण गरिएको छ। कुनै विषयमा १ जना मात्रै भएमा कक्षा संचालन गरिने छैन । सरकारी वा गैर सरकारी विभिन्न संघ संस्थाबाट MOU बमोजिम मनोनयन भई आउने विद्यार्थीले प्रबेश परीक्षा दिनू पर्ने छैन । तर सम्बन्धित विषयमा स्नातक परीक्षा कम्तिमा द्धितिय श्रेणीमा पास गरेको हुनूपर्नेछ । हरेक विषयमा Competitive Student Subsidized शूल्कमा भर्ना हून सक्ने विद्यार्थी संख्या २ कायम गरीएको छ ।

**च) भर्ना सम्वन्धि कार्यक्रम**

१.२०७२ मंसिर २५ गते M.V.Sc, M.Sc. Animal Science र M. Sc. Fisheries को Entrance Exam को नतिजा प्रकाशन गरिने छ।
२.विद्यार्थी भर्ना हूने दिन २०७२ पौष २ गते विहान ठिक ११.०० बजे।
३.कोर्ष रजिष्ट्रेशन २०७२ पौष १३ गते ।
४.थेसिस रिसर्चको लागि आवश्यक पर्ने रकम विद्यार्थी स्वयंबाट व्यवस्था हूनूपर्नेछ ।
५.छात्रावासको व्यवस्था हूने छैन ।

**छ) विद्यावारीधि तह: ( Ph.D by course and Ph.D. by research)**

**बिषयहरु:**

**१.पशू विज्ञान २) भेट्नरी साइन्स ३) एक्वाकल्चर**

**१.Ph.D. by Course:**

**न्यूनतम आबश्यक शैक्षिक योग्यता:**

क) M.Sc.First division मा पास भएको हूनू पर्ने ।

ख) दूई वटा Recommendation letter पेश गर्नूपर्नेछ जसमा एउटा विश्वविद्यालयको प्रोफेसरवाट हूनूपर्नेछ ।

ग) अंग्रेजी माध्यमबाट स्नातकोत्तर तह उत्तीर्ण भएको हूनूपर्दछ ।

**२.Ph.D. by Research:**

**आवश्यक न्यूनतम योग्यता:**

क) सम्वन्धित विषयको अनुसन्धानमा ५ वर्षको अनूभव हूनूपर्ने ।
ख) सम्बन्धित विषयको M.Sc.मा ६०% मार्क ल्याई पार गरेको हूनूपर्नेछ ।
ग) First author भई दूई वटा लेख प्रकाशित गरेको हूनूपर्नेछ ।
घ) अंग्रेजी माध्यमबाट स्नातकोत्तर तह उत्तीर्ण भएको हूनूपर्नेछ ।

३. पिएच.डी अध्यनार्थ लाग्ने सम्पुर्ण खर्च विद्यार्थी /डोनरले व्यहोर्ने बारेको Commitment letter पेश गर्नुपर्नेछ।

**प्रा.ईश्वरचन्द्र प्रकाश तिवारी**
**नि. डीन**